**मिति २०७६।०५।२७ गते शुक्रवारका दिन अनुसन्धान तथा अभियोजनलाई सुदृढ र प्रभावकारी बनाउन नि. जिल्ला न्यायाधिवक्ता श्री कर्ण बहादुर बुढाक्षेत्रीको संयोजकत्वमा समन्वय समितीको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।**

**उपस्थिति**

श्री कर्ण बहादुर बुढाक्षेत्री- नि.जि.न्या.व. जिल्ला सरकारी वकील कार्यालय,डोल्पा-संयोजक
श्री मुकेशकुमार केशरी- प्र.जि.अ. जिल्ला प्रशासन कार्यालय, डोल्पा-सदस्य
श्री नारायण रञ्जितकार- प्र.ना.उ.. जिल्ला प्रहरी कार्यालय, डोल्पा-सदस्य
श्री राजन यादव- सु. जिल्ला सरकारी वकील कार्यालय, डोल्पा-सदस्य सचिव

**आमन्त्रित**

श्री बिदुर कोईराला- श्रेस्तेदार, डोल्पा जिल्ला अदालत
श्री सिजन रावल- डाक्टर, जिल्ला अस्पताल, डोल्पा
श्री कर्ण बहादुर रोकाया- नि. कार्यालय प्रमुख, मालपोत कार्यालय डोल्पा

**छलफलका बिर्षयहरु**

१) रोजेको कानून ब्यबसायीसँग सल्लाह लिने तथा पूर्पक्ष गर्न पाउने संकितको हक सम्बन्धमा ।
२) बिशेष प्रकृतिका मुद्दाहरुको कारवाहीमा पक्षको गोपनियता कायम राख्ने सम्बन्धमा ।
३) अनुसन्धान अधिकृत र सरकारी वकील विच मासिक रुपमा छलफल गर्ने सम्बन्धमा ।
४) सरकारबादी मुद्दाको फैसला तथा आदेश कार्यान्वयमा पीडितलाई सहयोग गर्ने वातावरण निर्माण गर्ने सम्बन्धमा ।
५) सम्पत्ति रोक्का सम्बन्धमा ।
६) परिक्षण रिपोर्ट सम्बन्धमा ।

**निर्णय नं. १**

बुँदा नं. १ मा छलफल गर्दा सरकारवादी फौजदारी मुद्दाका संकित ब्यक्तिहरुलाई पकाउ गरेको समयदेखि नै आफुले रोजेको कानून व्यवसायी सँग सल्लाह लिन पाउने तथा पुर्पक्ष गर्न पाउने संबैधानिक हक रहेकाले सो को कार्यान्वयन गर्ने निर्णय गरियो । कार्यान्वयनमा कुनै समस्या आईपरे त्यसलाई कानूनी रुपमा समाधान गर्ने ।

**निर्णय नं. २**

बुँदा नं २ मा छलफल गर्दा पीडितको रुपमा महिला समाबेश भएका फौजदारी मुद्दाहरु, पक्षका रुपमा बालबालिका भएका फौजदारी मुद्दाहरुको कारवाहीमा पक्षको गोपानियता कायम राख्ने कानून तथा निर्देशिकाको कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

बुँदा नं. ३ मा छलफल गर्दा महान्यायाधिवक्ता कार्यालयको दोस्रो रणनीतिक योजनालाई सफल पार्न आ.व. ०७६।०७७ को बार्षिक कार्ययोजनाले निर्धारित गरेका कियाकलापहरु मध्ये अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन अनुसन्धान अधिकृत र सरकारी वकील बिच मासिक रुपमा छलफल गर्ने कार्य प्रत्येक महिना अनुसन्धान अधिकृत र सरकारी वकील बिच सरकारबादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनका विषयमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णण नं. ४**

बुँदा नं. ४ मा छलफल गर्दा सरकारवादी फौजदारी मुद्दाका पीडितलाई न्याय दिलाउनु राज्यको प्रमुख दायित्व हो । सोही दायित्व पूरा गर्न राज्यले अनुसन्धानकर्ता, अभियोजनकर्ता र न्यायकर्ताको व्यबस्था गरेको हुन्छ । न्यायलयबाट फैसला हुँदैमा पीडितले बास्तबिक न्याय प्राप्त गरेको हुँदैन । त्यसका लागि न्यायालयले गरेको फैसला र आदेशहरुको कार्यान्वयन हुन जरुरी छ । फैसलाको कार्यान्वयन गर्न पीडितलाई सहयोग गर्ने बाताबरण सिर्जना गर्नु सरोकारवाला निकाय सबैको कर्तब्य हो । न्यायालयको फैसला र आदेशमा उल्लेख भएबमोजिमको दण्ड, जरिवाना र पीडितलाई क्षेतिपूर्ति दिलाउने वातावरण तयार गरी पीडितलाई सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

बुँदा नम्बर ५ मा छलफल गर्दा अनुसन्धानको शुरुदेखि नै प्रतिबादी वा निजका एकाघर संगोलका व्यक्तिहरुको नाममा रहेको चल, अचल सम्पत्ति पत्ता लगाई रोक्का राख्नुपर्ने भएकाले सरोकारवाला निकायले सो कार्यलाई प्राथमिकता दिई कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

बुँदा नंम्बर ६ मा छलफल गर्दा चिकित्सकका रिपोर्टहरुमा अक्षर नबुझिने र अर्थ नबुझिने अबस्था रहेकाले रिपोर्टमा भएको विवरणहरुको अक्षरहरु बुझिने गरी वा कम्प्युटराइज गरी पठाई दिने भनी यस जिल्ला अन्तर्गत रहेको स्वास्थ्य संस्थामा अनुरोध गरी पठाउने र स्वास्थ्य संस्थाले पनि सो बमोजिम गरी अनुसन्धान र अभियोजनमा सहयोग पुर्याउने निर्णय गरियो ।